# मिति २०७४/०३/३० गते बसेको सिद्ध कुमाख गाउँ कार्यपालिका बैठकका निर्णयहरू

१· प्रस्ताव नं १ मा छलफल गर्दा नेपाल सरकारबाट संघीय संरचना तथा पूर्वाधार विकास कार्यक्रम अन्तर्गत प्राप्त अनुदान ५२,००,०००। (अक्षेरुपी बाउन्न लाख) को विवरण सार्वजनिकरण गरि अनुमोदनको लागि गाउँ सभामा पठाउने सर्वसम्मतले निर्णय गरियो।

२· प्रस्ताव नं २ मा छलफल गर्दा गाउँ सभा संचालन कार्यविधि, २०७४ सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो।

३· प्रस्ताव नं ३ मा छलफल गर्दा ढोरचौर गाउँपालिकाको आर्थिक बर्ष २०७४/७५ को नीति कार्यक्रम तथा बजेट (आर्थिक विधेयक र विनियोजन विधेयक) स्वीकृत गरि गाउँ सभामा पेश गर्ने सर्वसम्मतले निर्णय गरियो।

४· प्रस्ताव नं ४ मा छलफल गर्दा ढोरचौर गाउँ कार्यपालिकाको मिति २०७४/०३/२१ को बैठक भत्ता सम्बन्धि निर्णय संशोधन गरी ढोरचौर गाउँ कार्यपालिकाको बैठक, गाउँसभाको बैठक, गाउँसभा तथा गाउँ कार्यपालिका अन्तर्गतका समितिको बैठक, वडा समितिको बैठक र अन्य बैठक बसे वापत प्रति सहभागि प्रति बैठक रु १५००।- (एक हजार पाँच सय रुपैया) का दरले भत्ता उपलब्ध गराउने।तर एक महिनामा ३ वटा भन्दा बढी बैठक बसेतापनि ३ वटा बैठकको मात्र भत्ता उललब्ध गराउने र यो निर्णयहुनु भन्दा अघि बसेका बैठकको भत्ता पनि यही निर्णय बमोजिम उपलब्ध गराउने सर्वसम्मतले निर्णय गरि अनुमोदनका लागि गाउँ सभामा पठाउने निर्णय गरियो। साथै भत्ता सम्बन्धी अन्य ब्यबस्था गाउँ कार्यपालिकाले बनाएको कार्यबिधि अनुसार हुने सर्वसम्मतले निर्णय गरियो।